# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५९) काठमाडौं, असार १ गते २०६६ साल (संख्या ९

## भाग ५

### नेपाल सरकार

### कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको

### सूचना १

नेपाल सरकारले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी देहायका राजस्व न्यायाधिकरणको कानून सदस्य एवं अध्यक्षको काम गर्ने गरी देहाय बमोजिमका अदालतका न्यायाधीशहरूलाई तोकेको छः–

१. राजस्व न्यायाधिकरण, काठमाडौंको कानून सदस्य एवं अध्यक्षमा पुनरावेदन अदालत, पाटनका न्यायाधीश श्री गोपाल पराजुली ।

२. राजस्व न्यायाधिकरण, विराटनगरको कानून सदस्य एवं अध्यक्षमा पुनरावेदन अदालत, विराटनगरका न्यायाधीश श्री हरिबहादुर बस्नेत ।

३. राजस्व न्यायाधिकरण, पोखराको कानून सदस्य एवं अध्यक्षमा पुनरावेदन अदालत, पोखराका न्यायाधीश श्री ओमप्रसाद सुवेदी ।

४. राजस्व न्यायाधिकरण, नेपालगञ्जको कानून सदस्य एवं अध्यक्षमा पुनरावेदन अदालत, नेपालगञ्जका न्यायाधीश श्री शान्तिराज सुवेदी ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

नेपाल सरकारले नगर विकास ऐन, २०४५ को दफा २० ले दिएको अधिकार प्रयोग गरी नगर विकास पुनरावेदन समितिको अध्यक्षको काम गर्ने गरी पुनरावेदन अदालत, पाटनका न्यायाधीश श्री देवेन्द्रगोपाल श्रेष्ठलाई तोकेको छ ।

## सूचना ३

नेपाल सरकारले सैनिक ऐन, २०६३ को दफा ११९ ले दिएको अधिकार प्रयोग गरी सैनिक विशेष अदालतको अध्यक्षको काम गर्ने गरी पुनरावेदन अदालत, पाटनका न्यायाधीश श्री पुरुषोत्तम प्रसाद भण्डारीलाई तोकेको छ ।

आज्ञाले,
माधव पौडेल
नेपाल सरकारको सचिव

123

## नेपाल सरकार

## भौतिक योजना तथा निर्माण मन्त्रालयको सूचना

नेपाल सरकारले निजामती सेवा नियमावली, २०५० को नियम १२७ को उपनियम (४) ले दिएको अधिकार प्रयोग गरी सोही नियमको उपनियम (१) बमोजिमको सम्बद्धता निर्धारण समितिद्वारा बढुवा प्रयोजनको लागि निजामती कर्मचारीले हासिल गरेका देहायका शैक्षिक संस्थाका देहायका शैक्षिक उपाधिलाई देहाय बमोजिमको सेवा समूह तथा उपसमूहसँग सम्बद्धता गर्ने निर्णय भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छः–

| शैक्षिक संस्थाको नाम | शैक्षिक उपाधि | सम्बद्धता गरेको सम्बन्धित सेवा, समूह तथा उपसमूहहरू |
|---|---|---|
| Cologne univer- | Master of science | नेपाल इञ्जिनीयरिङ्ग सेवा |



आंधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| sity of Applied science, Germany | (M.sc. )in Technology and Resource Management in the Tropics and sub Tropics | सिभिल समूह, बिल्डिङ्ग एण्ड आर्किटेक्ट, स्यानिटरी र जनरल उपसमूह |

आज्ञाले,
पूर्ण कडरिया
नेपाल सरकारको सचिव

123



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

124

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।